का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ चैत २०७८,
मंगलबार
12 April 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ६६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अपिल आयो अलमल तोडिएन

स्थानीय चुनावमा तालमेल गर्ने निर्णय केही समय अगाडि नै गरिसकेको सत्ता साझेदार दलहरुले फेरि एकअर्कालाई निरन्तर सहयोग गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् । तर उम्मेदवार कसरी टुंग्याउने भन्ने अलमल भने तोडिएको छैन ।



*प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार बिहान बसेको सत्तारुढ गठबन्धनको बैठकमा शीर्ष नेताहरु । तस्वीर: रोशन सापकोटा, रासस*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ चैत ।

सत्ता साझेदार गठबन्धनको बैठकले देशैभर ठाउँ र अवस्था अनुसार तालमेल गर्न अपील गरेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार बसेको सत्तारुढ दलका शीर्ष नेताहरुको बैठकले पाँच दलीय गठबन्धनबीच एकअर्कालाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

'त्यसका लागि देशैभर ठाउँ र अवस्था अनुसार चुनावी तालमेल मिलाएर चुनावमा आपसी सहकार्य र परस्पर सहयोगको भावनाले अगाडि बढ्न पाँच दलका सम्पूर्ण साथीहरुलाई आह्वान गर्दछौं', बैठकपछि जारी बक्तव्यमा उल्लेख छ । पाँच दलीय गठबन्धनका उम्मेद्वारलाई जिताउन पनि आग्रह गरिएको छ ।

'...हिजोका सबै आपसी मतभेदलाई पर पन्छाउदै चुनावमा एकअर्कालाई निरन्तर सहयोग गर्ने प्रण गर्दछौं', बक्तव्यमा लेखिएको छ । अहिलेको चुनावी गठबन्धन जनतालाई स्वतन्त्रता पूर्वक अगाडि बढाउन र नेपाली समाजमा न्याय र समानता कायम गर्न प्रतिगमनलाई परास्त गर्दै नेपाल राष्ट्रको सर्वाङ्गीण र अग्रगामी विकास र समृद्धि हासिल गर्न पाँच दल प्रतिबद्ध छन्..', बक्तव्यमा उल्लेख छ । जबकी सत्ता गठबन्धनका शीर्ष नेताहरुको बैठकबाट स्थानीय नेताहरुले उम्मेद्वार टुंग्याउने निर्णयको अपेक्षा गरेका थिए ।

तर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरुको बैठकले फेरि पनि सैद्धान्तिक निर्णय सार्वजनिक गरेको छ । स्रोतका अनुसार, तालमेलको मोडालिटीमै सहमति जुट्न नसक्दा गठबन्धनको बैठक निष्कर्ष विहीन हुँदै आएको छ । आइतबार पनि बैठक बसेको थियो । तर कुनै निर्णयमा सहमति जुट्न नसकेपछि सोमबार फेरि बैठक बोलाइएको थियो ।

सोमबारको बैठकले पनि कुनै निर्णय गर्न सकेन । प्रमुख विपक्षी दल नेकपा एमालेले धमाधम उम्मेद्वार टुंगो लगाइरहेको छ । तर एमाले रोक्ने उद्देश्य लिएको सत्ता साझेदारभित्र पनि कुनै निर्णय हुन सकेको छैन । केन्द्रमा निर्णय हुन नसक्दा गठबन्धनका नेताहरु अलमलमा छन् ।

गठबन्धनमा कांग्रेस बलियो दल हो । गएको २०७४ को निर्वाचनमा कांग्रेस र एमाले – बाँकी पृष्ठ २ मा

# भरतपुरमा अल्झिएको गठबन्धन




अघिल्लो पटक माओवादी केन्द्रका उम्मेद्वारलाई समर्थन गरेको नेपाली कांग्रेस चितवनले यसपटक २५ जना मेयरका आकांक्षीको नाम सिफारिस गरेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ चैत ।

भरतपुर महानगरपालिकाको मेयरका लागि नेपाली कांग्रेस चितवनले २५ जनाको नाम सिफारिस गरेको छ । दुई दिन चलेको बैठकपछि सोमबार उपमेयरका २४ जनाको नाम सहित मेयरका आकांक्षीको नाम प्रस्ताव गरिएको हो । कांग्रेसले केन्द्रीय सदस्य दिनेश कोइराला सहित उत्तम जोशी, जगन्नाथ पौडेल, चित्रसेन अधिकारी, भरत अधिकारी, शंकर कँडेल, तारानाथ पौडेलको नाम सिफारिस भएको छ ।

रामप्रसाद अधिकारी, विजय शर्मा भुसाल, पार्वती शाह ठकुरी (हालका उपमेयर), दीर्घमान श्रेष्ठ, निलकण्ठ रिजाल, गौरीकुमारी श्रेष्ठ, मिनाकुमारी खरेल, सुबोध प्रधान, शम्भुप्रसाद अर्याल, भरत गुरुङ, मिलनबाबु श्रेष्ठ, प्रकाश अधिकारी, प्रा.डा.केशवभक्त सापकोटा लगायतको नाम सिफारिस गरिएको छ । कांग्रेसले टेकप्रसाद गुरुङ, राजेन्द्र डोटेल, डा.सूर्यकान्त घिमिरे, हिरामणि अधिकारी र घनश्याम दवाडीको नाम मेयरका निम्ति सिफारिस गरेको छ ।

चितवन कांग्रेसले पठाएको यी नामलाई चासोका साथ हेरिएको छ । किनकि चितवन महानगरपालिकाको चुनावलाई राष्ट्रिय राजनीतिलाई महत्वका साथ हेरिएको छ । २०७४ को निर्वाचनमा चितवन कांग्रेसले नेकपा माओवादी केन्द्रका उम्मेद्वारलाई मतदान गरेको थियो ।

अघिल्लो चुनावमा कांग्रेस र माओवादी केन्द्रबीच गठबन्धन भएको थियो । गठबन्धनका उम्मेद्वार बनेकी पुष्पकमल दाहाल प्रचण्ड पुत्री रेनु दाहाल अहिले मेयर छन् । तर चितवनमा मत गणनाका क्रममा मतपत्र च्यातिएको थियो । चितवन-१९ को मत गणनाकै क्रममा च्यातिएपछि उपनिर्वाचन भएको थियो । मतपत्र च्यात्ने बेलासम्म नेकपा एमालेका उम्मेद्वार देवी ज्ञवाली ७८४ मतले अगाडि थिए ।

तर उपनिर्वाचनको नतिजाबाट भने रेनु दाहाल विजयी भए । रेनुले ४३,१२७ मत ल्याएर चुनाव जित्दा देवी ज्ञवालीको ४२,९२४ मत आएको थियो । समग्रमा भने कांग्रेस र एमालेबीच चर्को प्रतिश्पर्धा देखिएको थियो । महानगरका २९ वडा मध्ये एमालेले १४, कांग्रेसले १२ र माओवादी केन्द्रले ३ वडामा जितेको थियो ।

यसपटक पनि कांग्रेस र माओवादी केन्द्रसँगै नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाबीच गठबन्धनको तयारी भइरहेको छ । – बाँकी पृष्ठ २ मा

# पाकिस्तानमा नयाँ प्रधानमन्त्री



**काठमाडौं/एजेन्सी-** अदालतबाट पुनर्स्थापित संसदबाट पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) का नेता शहबाज शरिफ पाकिस्तानको नयाँ प्रधामन्त्री बनेका छन् । पाकिस्तान तेहरीक-ई-इन्साफले राष्ट्रियसभा बहिष्कार गरेपछि शहबाज निर्विरोध प्रधानमन्त्री बनेका हुन् । शहबाजको पक्षमा १७४ सांसदले मतदान गरे ।

निवर्तमान प्रधानमन्त्री इमरान खान अविश्वासको मतबाट पद च्युत भएपछि शहबाज पाकिस्तानको ३१औं प्रधानमन्त्री बनेका छन् । पाकिस्तानमा अहिलेसम्म कुनै पनि प्रधानमन्त्रीले पाँच वर्षे कार्यकाल पूरा गरेका छैनन् ।

सत्तरी वर्षीय शहबाज तीनपटक पाकिस्तानका प्रधानमन्त्री बनेका नवाज शरिफका भाइ हुन् । उनी पाकिस्तान पञ्जाबका तीन पटक मुख्यमन्त्री भइसकेका छन् । सन् १९९७, २००८ र २०१३ मा गरी शहबाज पञ्जाबमा सबैभन्दा लामो समय मुख्यमन्त्री बनेका थिए । सम्पन्न शरिफ कुलका शहबाज उनको 'क्यान-डु' प्रशासनिक शैलीबाट चिरपरिचित छन् ।

शहबाज शरीफमाथि लेनदेनसँग जोडिएको एउटा मुद्दा चलिरहेको छ र यसको सुनुवाइ अप्रिल २७ मा हुने तय भएको छ ।

विस्तृत समाचार पृष्ठ ५ मा...

# वैदेशिक रोजगारमा रहेका कामदारलाई आईपीओमा आरक्षणको व्यवस्था गरिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

सरकारले वैदेशिक रोजगारीमा गएका नेपाली कामदारलाई निजी तथा सरकारी कम्पनीको लगानीमा आरक्षण दिने भएको छ । वैदेशिक रोजगारीमा रहेका कामदारको कमाई (रेमिट्यान्स ) वैधानिक माध्यमबाट भित्र्याउन विभिन्न उपायहरूको खोजी गरिरहेको सरकारले सर्वसाधारणको लगानीका लागि विभिन्न कम्पनीले जारी गर्ने आईपीओ र एफपीओमा उनीहरुलाई विशेष कोटा छुट्याइने नीति निर्माण गर्ने बताएको छ ।

सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री जनार्दन शर्माले मन्त्रिपरिषदबाट निर्णय गराएर त्यससम्बन्धी स्थायी व्यवस्था गर्न लागिएको जानकारी दिए । मन्त्री शर्माले मुख्य सचिवको नेतृत्वको एक समितिले त्यस विषयमा अध्ययन गरिरहेको भन्दै छिट्टै मन्त्रीपरिषद्मा प्रस्ताव लैजाने बताए ।

हाल शेयर बजारमा कारोबार गरिरहेका १८ वटा म्युचुअल फण्डहरुले कम्पनीहरूको आईपीओमा ५ प्रतिशत आरक्षण पाइरहेका छन् । कतिपयले राष्ट्रका – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा नक्कली सुन बिक्री गर्ने दुई जना पक्राउ



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २८ चैत

कतारको अपराध अनुसन्धान विभागले १५ लाख कतारी रियालमा नक्कली सुन बिक्री गर्न खोज्ने एसियाली मूलका दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । केही व्यक्तिले नक्कली सुन बनाएर ठगी गर्ने – बाँकी पृष्ठ २ मा

## कटुवाल संघको कानूनी सल्लाहकारमा नियुक्त



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अधिवक्ता देवराज कटुवाललाई कानूनी सल्लाहकारमा नियुक्त गरेको छ । संघको चैत २४ गते बसेको कार्यसमितिको बैठकले अधिवक्ता कटुवाललाई आफ्नो कानूनी सल्लाहकारमा नियुक्त गरेको हो । – बाँकी पृष्ठ २ मा




नयाँ शुरुवात गर्नुहोस् नेपालको उत्कृष्ट वाइन बिग-मास्टरको साथ ।

शुरु हुँदैछ एउटा नयाँ यात्रा । आउनुहोस् आफ्ना प्रियजनसँग र बनाउनुहोस् यसलाई अझै खास केवल बिग-मास्टर वाइनको साथ । किनकी यो बनेको छ उत्कृष्ट प्रविधि, कडा परिश्रम र माया नै मायाले । ताकि तपाईं महसुस गर्नुहोस् सुन्दर पलहरु ।

BIG MASTER

Royal Kathmandu Himalaya Beverage Pvt. Ltd.
Banepa Nagarpalika Ward No.-13, Bhaisepati, Kavre, Nepal.

An ISO 9001:2015, ISO 22000:2005
(Food Safety Management) & HACCP Certified company

info@royalbigmaster.com
www.royalbigmaster.com

# दश दिनपछि उठ्यो उपत्यकाको फोहर

**काठमाडौं /मस–** काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन कार्य शुरु भएको छ । पासाङल्हामु राजमार्ग मर्मतको जिम्मा पाएको ठेकेदारले काम शुरु गरेसँगै स्थानीयको अवरोध हटेपछि फोहर व्यवस्थापन शुरु भएको हो । अहिले फोहर व्यवस्थापनका लागि समय निर्धारण गरिएको छ । राति १० बजेदेखि बिहान आठ बजेसम्म मात्र फोहरको गाडी सिसडोल जान पाउने छ ।



हाल फोहर विसर्जन गरिएको स्थान नुवाकोटको सिसडोलसम्म पुग्ने बाटो मर्मतको काम समयमै नगरेको भन्दै पासाङल्हामु राजमार्गका बासिन्दाले गरेको अवरोधका कारण यही चैत १८ गतेदेखि काठमाडौं उपत्यकाको १८ स्थानीय तहका फोहर व्यवस्थापन हुन सकेको थिएन ।

दश दिनदेखि फोहर विसर्जन हुन नसक्दा उपत्यकाको मुख्य चोकमा फोहर थुप्रिएको छ । अठार स्थानीय तहको फोहर विसर्जनका लागि दीर्घकालीन समाधानका प्रयास हुन नसक्दा पटकपटक समस्या उत्पन्न भएको कामपा वातावरण विभाग प्रमुख सरिता राईको भनाइ छ । उनका अनुसार २०७० सालदेखि शुरु गरिएको बाटो अहिलेसम्म बन्न नसक्दा त्यहाँ पटकपटक स्थानीयवासीले आन्दोलन गरेकाले फोहर विसर्जनमा अवरोध हुँदै आएको छ ।

सडक बनाउने जिम्मेवारी संघीय सरकारको भए पनि उपत्यकाको फोहर पटकपटक रोकिँदा अपजस भने कामपाले पाउने गरेको छ । हाल बञ्चरेडाँडामा दीर्घकालीन फोहर व्यवस्थापन स्थल निर्माण भइरहेको र निर्धारित समयमा काम सम्पन्न नहुँदा समस्या भएको बताइएको छ ।

उक्त स्थान भरिएकाले फोहर व्यवस्थापनमा थप समस्या हुन थालेको हो । हाल फोहर व्यवस्थापन भइरहेको स्थानभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापन स्थल निर्माणको काम निर्धारित समयमा सम्पन्न हुन नसक्दा पनि समस्या आएको कामपाको भनाइ छ ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिक टन फोहर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ । यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिक टन फोहर निस्किने गर्दछ । निजी र कामपाको गरी दैनिक कम्तीमा २०० गाडी फोहर लाने गरिएकामा अहिले मुस्किलले ५० गाडीमात्र सिसडोल पुग्ने गरेका छन् । हाल फोहर व्यवस्थापन गरिँदै आएको सिसडोलभन्दा दुई किलोमिटर टाढा बञ्चरेडाँडामा दीर्घकालीन फोहर व्यवस्थापन स्थल निर्माण गरिएको छ । हाल निर्माण भइरहेको दीर्घकालीन ल्याण्डफिल साइट नुवाकोट र धादिङको सिमानामा पर्छ । उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत सिसडोलमा व्यवस्थापन गरिँदै आएको छ ।

## अत्यावश्यक सेवामा हडताल नगर्न आग्रह

जिल्ला प्रशासन कार्यालय काठमाडौंले अत्यावश्यक सेवामा बन्द, हडताल र निषेध नगर्न आग्रह गरेको छ । काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन गरिँदै आएको स्थान नुवाकोटको सिसडोलसम्म जाने बाटो समयमा मर्मत नगरेको भन्दै स्थानीयले अवरोध गर्दा समस्या आएको भन्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंले अत्यावश्यक सेवा अवरोध गर्नु कानून विपरीत रहेको जनाएको हो ।

सिसडोल जाने बाटो मर्मतको काम समयमै नगरेको भन्दै पासाङल्हामु राजमार्गका बासिन्दाले गरेको अवरोधका कारण यही चैत १८ गतेदेखि काठमाडौं फोहर व्यवस्थापन हुन सकेको थिएन ।

यसरी पटकपटक अत्यावश्यक सेवा बन्द गरिँदा समस्या उत्पन्न भएको भन्दै आगामी दिनमा फोहरमैलाको व्यवस्थित विसर्जन कार्यमा सहयोग गर्न पनि स्थानीयलाई सूचनामार्फत आग्रह गरिएको छ । आगामी दिनमा पनि यस्ता गतिविधि गरेको पाइए कानूनी कारबाही गरिने काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारीद्वारा जारी सूचनामा भनिएको छ । दश दिनपछि सोमबारदेखि उपत्यकाको १८ स्थानीयको फोहर व्यवस्थापनको कार्य पुनः शुरु भएको छ ।

कार्यालयले सोमबार एक सूचना जारी गर्दै नेपाल सरकाले आवश्यक सेवा सञ्चालन ऐन २०१४ अनुसार २०७८ जेठ १७ गते प्रकाशित राजपत्रको दफा १४ मा फोहरमैला व्यवस्थापनलाई पनि आवश्यक सेवाभित्र राखेको जानकारी सूचनामा गराइएको छ ।

# नेपाल भारत वर्ल्ड डेवलपमेन्ट फोरमको उद्घाटन



काठमाडौं /मस– नेपाल भारत वर्ल्ड डेवलपमेन्ट फोरमको उद्घाटन भएको छ । काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डको कार्यालयमा एक विशेष कार्यक्रमकाबीच 'नेपाल–भारत मिलकर चले, विश्व सारा आगे बढे' मूल नाराका साथ फोरमको उद्घाटन गरिएको हो । फोरमको उद्घाटन गर्दै पूर्वउपप्रधानमन्त्री एवं लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले नेपाल र भारतबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउन फोरमले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

महतोले भारतसँगको व्यापार घाटालाई न्यूनीकरण गर्नसमेत फोरमले महत्वपूर्ण योगदान पुऱ्याओस् भन्ने शुभकामना व्यक्त गरे ।

यसैगरी, डेभलपमेन्ट फोरमका अन्तर्राष्ट्रिय संरक्षक वेदप्रकाश गुप्ताले नेपाल–भारतबीचको सम्बन्धका बहुआयामिक पक्षबारे चर्चा गरेका थिए । उनले नेपाल र भारतले मात्रै सारा विश्वलाई शान्तिको मार्गमा लैजान महत्वपूर्ण भूमिका खेल्ने चर्चा गरे ।

उद्घाटन कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार, नेपाल जनता पार्टीका अध्यक्ष त्रिभुवननाथ पाठक, नेपाल सरकारको प्रशासन सेवाका पूर्वनिर्देशक गिरधर ढकाल, लोसपाका नेताद्वय रमन पाण्डेय र डा.सुरेन्द्र झालगायतले संस्थाको प्रगतिका लागि कामना मन्तव्य राखेका थिए ।


### आर्या सर्जिकल प्रा.लि. कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरका सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६४/१०/२४ मा दर्ता भएको **प्रा.लि. नं. ५१५५२/०६४/०६५** को **आर्या सर्जिकल प्रा. लि.** को संचालकहरुको मिति २०७८/१२/२८ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**लिक्वीडेटरः सरोज दाहाल, इजाजत नं. ३५३**

**दामासाही ब्यवसायीः प्रतीक ल फर्म, ठेगानाः भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**

**मोबाइल नं. : ९८५१२११००२**


# 'प्रहरी र सशस्त्रले सीमित स्रोत साधनबीच प्रशंसनीय काम गरे'



**काठमाडौं/मस–** गृहमन्त्री बालकृष्ण खाँणले सीमित स्रोत साधनबीच नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गरेको काम प्रशंसनीय रहेको बताएका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा बेरुजु फछ्र्योट कार्यमा सर्वोकृष्ट/उत्कृष्ट हुने कर्मचारी र अवकाश लिन लाग्नुभएका सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खलाललाई सम्मान गर्न सोमबार आयोजित कार्यक्रममा गृहमन्त्री खाँणले आगामी दिनमा पनि सुरक्षा निकायले यो भन्दा राम्रो काम गर्ने अपेक्षा आफूले राखेको बताए ।

सुरक्षा निकायलाई विस्तारै स्रोत र साधनयुक्त बनाउने योजना सरकारको रहेको पनि गृहमन्त्री खाँणले आश्वस्त पारे । उनले बेरुजु फछ्र्योटमा सर्वोकृष्ठ/उत्कृष्ठ हुनेलाई नगद तथा प्रशंसापत्र समेत वितरण गरेका थिए ।

तत्कालीन गृहसचिव महेश्वर न्यौपाने, प्र्हरी महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल र राष्ट्रिय किताब खाना (प्रहरी) का उपमहानिर्देशक शान्ता अधिकारी, भट्टराईलाई १०/१० हजार रुपैयाँका दरले नगदसहित सम्मान गरेका थिए ।

यस्तै अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराई र रमेशकुमार केसीलाई पाँच/पाँच हजार नगदसहित सम्मान गरिएको थियो । समरोहमा गृहमन्त्री खाँणले मन्त्रालयका तत्कालीन लेखा शाखाका उपसचिव निर्मल न्यौपाने, लेखा अधिकृत शालिराम पराजुली र तत्कालीन लेखापाल नरबहादुर कुँवरलाई रु आठ/आठ हजार नगदसहित सम्मान गरे ।

पुरस्कार वितरण गर्दै बेरुजु फछ्र्योटमा गृह मन्त्रालय अन्तर्गतका निकायले देखाएको कार्यकुशलता प्रशंसायोग्य रहेको भन्दै उहाँले आगामी दिनमा योभन्दा अझै राम्रो कार्य गरेर देखाउन आग्रह गरे ।

# स्थानीय तह निर्वाचनका लागि ३४ प्रकारका सामग्री प्राप्त

**काठमाडौं /मस–** आगामी वैशाख ३० शुक्रबार हुने स्थानीय तह निर्वाचनका सिलसिलामा हालसम्म २८ जिल्लाका लागि ४५ लाख २२ हजार मतपत्र छपाइ भइसकेको छ । निर्वाचन आयोगद्वारा सोमबार आयोजित नियमित पत्रकार सम्मेलनमा ७५३ निर्वाचन अधिकृतले पाउने गरी एक–एकप्रति मतदाता नामावली पठाउने कार्य भइसकेको समेत जानकारी गराइएको थियो ।

निर्वाचन आयोगले केन्द्रबाट खरिद गर्नुपर्ने ३८ प्रकारका निर्वाचन सामग्रीमध्ये ३४ प्रकारका सामग्री प्राप्त भई भण्डारण भइसकेको तथा बाँकी सामग्री आउने क्रममा रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्मका लागि स्थानीय तह निर्वाचन आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्ने जिम्मेवारी गृह मन्त्रालयमार्फत सबै जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई दिइएको छ । निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गराउन विभिन्न १३ संघ संस्थासँग निर्वाचन आयोगले प्रतिबद्धता लिएको छ । प्रतिबद्धता जनाउने संघ संस्थाहरूमा नेपाल नगरपालिका संघ, गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल शिक्षक महासंघ, नेपाल प्राध्यापक संघ, नेपाल यातायात राष्ट्रिय महासंघ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल, राष्ट्रिय सहकारी बैंक लि, राष्ट्रिय सहकारी महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, उपभोक्ता हित संरक्षण मञ्च नेपाल, नेपाल विज्ञापन संघ र नेपाल बार एशोसिएशन छन् ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गराउन मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले निर्वाचन आचारसंहिता, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि सञ्चार जगत र निर्वाचन आयोगबीच समन्वय र अन्तरसम्बन्ध स्थापित गर्ने उद्देश्यले आयोगले ७ वटै प्रदेशमा मिडिया अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ ।

सोही क्रममा आयोग पदाधिकारीको उपस्थितिमा प्रदेश नं १ को विराटनगर, गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेतमा मिडिया अभिमुखीकरण कार्यक्रम हुँदैछ । अभिमुखीकरणमा निर्वाचन आयोगको तयारीबारे जानकारी गराउने तथा निर्वाचन समाचार सङ्कलन, लेखन, प्रकाशन र प्रशारणसम्बन्धी ज्ञान आदनप्रदान गरिनेछ । अभिमुखीकरण कार्यक्रममा प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघका पदाधिकारीको सहभागिता रहने छ ।

अभिमुखीकरण कार्यक्रमबाट निर्वाचन आयोगले निर्वाचनसम्बन्धी व्यवस्थाबारेमा सहभागीबीच छलफल तथा अन्तर्क्रिया भई सुधारका लागि महत्वपूर्ण सुझाव प्राप्त हुने, निर्वाचन सञ्चालन तथा व्यवस्थापन पत्रकारको भूमिका, समस्या, अवसर र चुनौतीबारेमा छलफल भई साझा धारणाको विकास हुने विश्वास गरिएको छ ।


## VACANCY ANNOUNCEMENT

**A reputed company is seeking for qualified, competent, and highly motivated candidates for the following positions:**

**1. Executive/ Administrative Secretary**

**2. Receptionist**

**Requirement:**

- Ideal candidates should have an excellent knowledge & skills of computer application **(Word, Excel, Power Point, Outlook)** perfect command of written, spoken English, self correspondence with Minimum **2 years Experienced**.
- **3 Female** age between 25-35 years old

**Salary : Rs 15,000 -25,000 ( Negotiable)**

Interested candidates are requested to submit their updated CV along with the letter of application to email: **info@allsolution.com.np** or **Call on 015-903078, 015-903079, Mobile No. 9818510349.** Please note that only shortlisted candidates will be contacted for the further selection process.

**All-Solution Employment Service Pvt. Ltd.**

Basubdhara-3, Kathmandu, Tel.: 015903078, 01590307

E-mail : info@allsolution.com.np, Web.: www.allsolution.com.np

श्रम ई. पत्र नं.: १४५४/०७४/०७५


## अपील...

हाराहारीको शक्ति बनेको थियो । तर एमाले रोक्न कांग्रेसले सत्ता गठबन्धनका दलहरुबीच साझेदारी गर्ने निर्णय गरेको छ । विशेषगरी महानगर र उपमहानगरको भागबण्डा गठबन्धनका दलहरुले टुंग्याउन सकेका छैनन् । गएको चुनावमा कांग्रेसले ललितपुर र विराटनगर महानगरपालिका जितेको थियो । वीरगञ्जमा जसपा र भरतपुरमा माओवादी केन्द्रले जितेको छ । काठमाडौं र पोखरामा एमालेले जितेको छ । तर गठबन्धनका दलहरुबीच महानगरमा भागबण्डाको प्रस्ताव अगाडि बढाएका छन् ।

गठबन्धनले निर्णय लिन नसक्दा स्थानीय तहमा सत्ता गठबन्धनका नेताहरु बैठक बस्ने र निष्कर्षमा नपुगी उठ्ने गर्दै आएका छन् ।

## भरतपुरमा...

माओवादी केन्द्रले फेरि पनि रेनु दाहाललाई नै दोहोऱ्याउने तयारी गरेको छ । कांग्रेसले भने यसपटक पनि माओवादी केन्द्रलाई मतदान दिन तयार नहुने अडान लिएको छ । गठबन्धनबीच तालमेलबारे निर्णय हुन नसक्नुमा भरतपुरको भागबण्डा पनि एक प्रमुख कारण बनेको छ ।

विपक्षी दल एमालेले भने आगामी ३० वैशाखमा हुने निर्वाचनका निम्ति उम्मेद्वार तय गरिसकेको छ । एमालेले विजय सुवेदीलाई सर्वसहमत उम्मेद्वार सिफारिस गरेको छ ।

## वैदेशिक...

लागि कुनै योगदान नगर्ने म्युचुअल फण्डहरूलाई दिइएको ५ प्रतिशत आरक्षणको सुविधा कटौती गरी वैदेशिक रोजगारमा रहेका विपन्न अवस्थाका कामदारहरूलाई दिनुपर्ने सुझाव दिने गरेका छन् ।

अर्थमन्त्री शर्माले रेमिट्यान्स कम्पनीहरुलाई मोबाइल वालेट उपलब्ध गराउने र वैदेशिक रोजगारीमा गएका कामदारहरुले सहज तरिकाले विप्रेषण रकम पठाउन सक्ने व्यवस्था मिलाउने गरी अध्ययन भइरहेको पनि बताए ।

यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले रेमिट्यान्स औपचारिक मध्यमबाट भित्र्याउन करिब एक दर्जन सुझाव दिएका थिए ।

## कतारमा...

गरेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

सोधपुछको क्रममा अभियुक्तले ग्राहकलाई झुक्याउन करिब १५ किलो धातु कतारमा तस्करी गरेको र अन्य सामग्रीमा मिसाएर सुन जस्तै देखिने बनाउने गरेको स्वीकारेका छन् । विभागले विशेष टोली गठन गरी खोजी तथा अनुसन्धान गर्दा ममौरा क्षेत्रमा दुई जना पक्राउ परेका हुन् । कतारको आन्तरिक मन्त्रालयले आधिकारिक पसलबाट प्रक्रिया अनुसार सुन किनबेच गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

इस्लाम धर्मावलम्बीको पवित्र महिना रमदानमा हरेक वर्ष झैं व्यापकरूपमा देखिने माग्नेविरुद्ध पनि विभागले अनुसन्धान थालेको छ । कतारमा चन्दा उठाएर आवश्यकलाई सहयोग गर्न सरकारबाट मान्यता प्राप्त विभिन्न सक्षम तथा जिम्मेवार च्यारिटी संस्थाहरू भएको हुँदा त्यस्ताको मात्र भर पर्न विभागले सुझाव समेत दिएको छ ।

विभागकाअनुसार माग्ने पक्राउ गर्न प्रहरी २४ सैं घण्टा खटिएको छ । माग्नेसम्बन्धी कुनै पनि गतिविधि देखिए तुरुन्त हटलाइन नम्बर २३४७४४४, ३३६१८६२७ वा मेट्राश २ एपमार्फत खबर गर्न विभागले सबैमा आग्रह गरेको छ ।

## कटुवाल...

मुलुकको वैदेशिक रोजगार क्षेत्रमा लामो समयदेखि सक्रिय कटुवाल बैदेशिक रोज़गार विज्ञ कानून व्यवसायीका रूपमा चिनिन्छन् । हाल उनी वैदेशिक रोजगार व्यवसायीका विभिन्न संस्थामा पनि कानूनी सल्लाहकार रहेका छन् ।

पहिलेदेखि नै संघको कानूनी सल्लाहकार रहेका अधिवक्ता शम्भु निरौलालाई पनि निरन्तरता दिने संघको सोही बैठकले निर्णय गरेको बताइएको छ ।


## Yangwarak Rural Municipality
## Office of The Rural Municipal Executive

**Tharpu, Panchthar**

**1 no. Province**

## Invitation for Bids

**Second Publication Date: 2078/12/29**

The Yangwarak Rural Municipality Tharpu, Panchthar invites electronic bids from Nepalese eligible bidders for the Procurement of **Followings Works** under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No | Description of Works | Estimate Amount With Out Vat Nrs. | Bid Security Amount (Nrs.) | Cost of Bid Document (Nrs.) |
|---|---|---|---|---|---|
| I. | YRM/NCB/Goods/No-13-78/79 | Procurement of Fabricated Steel Parts for Trail bridge Tharpu,Panchthar | 67,74,735.00 | 1,69,000.00 | 3,000.00 |

1. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Yangwarak Rural Municipality, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp till **2079/01/29** to upload the document within the specified time. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Civil Bank Ltd., Yangwarak Branch, Panchthar
   Name of the Office : **YANGWARAK GAUPALIKA**
   Office Code no : 1125702
   Office Account no : **06210184899082 For Bid Document, 06210184899047 For Bid Security**
   Contact Details :-Phone no. 024-410048, Email :- yangwarakruralmun@gmail.com, Website:- www.yangwarakmunpanchthar.gov.np
3. Pre-bid meeting shall be held at Yangwarak Rural Municipality at **2079/01/09 13:00** .
4. Electronic bids must be submitted to the office Yangwarak Rural Municipality,Tharpu,Panchthar through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Noon on 2079/01/29**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2079/01/29 13:00** hours at the Office of Yangwarak Rural Municipality, Panchthar. Bids must be valid for a period of 90 days after bid opening. Bid security amount must be as per above table and shall be valid for 30 days beyond the bid validity period.
6. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**For Chief Administrative Officer**

# आइजीपी खनालले पाए अवकास



**काठमाडौं/मस-** सेवानिवृत्त भई गएका सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई फौजी परम्परा अनुसार स-सम्मान विदाई गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भुमा सोमबार आयोजित विशेष समारोहकाबीच उनलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय पुष्पराम के.सी. र रामशरण पौडेलले फुलमालाका साथ मायाको चिनो प्रदान गर्दै बिदाई दिएका हुन् ।

यसैगरी सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष सरिता कणेल खनाललाई सो संघकी उपाध्यक्ष ज्योती के.सी.ले फुलमालासहित बिदाई गरिन् ।

सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम के.सी.लाई संगठनको सम्पूर्ण जिम्मेवारी बर-बुझारथ गरे ।

सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले त्यसैअवसरमा सांगठानिक विकासमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकद्वय पुष्पराम के.सी. र रामशरण पौडेललाई प्रशंसापत्र तथा मायाको चिनो प्रदान गरेका थिए ।

सम्बोधनको क्रममा महानिरीक्षक खनालले राज्यप्रदत्त जिम्मेवारी निर्वाहको क्रममा आफ्नो प्राणको समेत आहुती दिनुहुने संगठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गिय कृष्णमोहन श्रेष्ठ लगायत सम्पूर्ण अमर सशस्त्र प्रहरीहरुको योगदानको स्मरण गर्दै कर्तव्य पालनाको सिलसिलामा घाईते भई अंगभंग भएका राष्ट्रसेवकहरुको समेत शिघ्र स्वास्थ्य लाभको कामना गरे ।

उनले संगठन आजको यस स्थानमा आई पुग्नुमा संगठनका पूर्वज नेतृत्व, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले पुऱ्याएको योगदानको स्मरण गर्दै सकल दर्जाका सम्पूर्ण राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुले आ-आफ्नो नियुक्तिका क्षेत्रहरुमा खटिई प्रदर्शन गरेको कार्यक्षमता, कर्तव्य परायणता तथा राष्ट्र र नागरिकको सेवा, सुरक्षा, उद्धारमा देखाएको पेशागत क्षमताको समेत मुक्तकण्ठले प्रशंसा गर्दै सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीको योगदानले सांगठानिक बिकासमा महत्वपूर्ण भूमिका खेलेको बताए ।

महानिरीक्षक खनालले सशस्त्र प्रहरी कर्मचारीहरु उत्तरी सीमानाको हिमाली क्षेत्रको कठ्याङ्ग्रीने जाडोदेखि दक्षिणी तराईको हावाहुरी तथा प्रचण्ड गर्मी रहेका ठाउँहरुमा व्यक्तिगत स्वार्थलाई थाती राखी अहोरात्र खटिई आम नागरिकको सुरक्षा, सीमा अपराध नियन्त्रण, आपद् विपत् पीडित नागरिकको उद्धार तथा चोरीनिकासी तथा पैठारी नियन्त्रणमा खटिई प्रदर्शन गरेको उच्च व्यावसायिकता र उत्कृष्ट कार्यसम्पादन तथा कोभिड-१९ महामारी नियन्त्रण तथा संक्रमितको उपचारमा नेपाल एपीएफ अस्पताल मार्फत प्रदर्शन गरेको सेवा तथा समर्पणभावको समेत नेपाल सरकार तथा विभिन्न निकायबाट प्रशंसा भईरहेको उल्लेख गरे ।

समारोहमा सम्बोधनको क्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम के.सी.ले सशस्त्र प्रहरी महानिरीक्षक खनालले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स-सम्मान विदाई हुनु भएकोमा हार्दिक बधाई दिँदै उनको अवकाशपछिको जीवन सुखमय वितोस भन्ने सुभेच्छा समेत व्यक्त गरे । समारोहमा नेपाल सरकार गृहमन्त्रालयका सहसचिव टेकबहादुर के.सी. लगायत सशस्त्र प्रहरी बल नेपालका बरिष्ठ अधिकृत, सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीहरु र सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# अवैध काठसहित सामुदायिक वनकै अध्यक्ष पक्राउ

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा २८ चैत



सिरहामा अवैध काठसहित सामुदायिक वनकै अध्यक्ष पक्राउ परेका छन् ।

सिरहाको मिर्चैया नगरपालिका ७ हरियोडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष ४५ वर्षीय टिका राम पोखरेललाई लाखौं मूल्यको अवैध काठसहित पक्राउ गरेको हो ।

सशस्त्र प्रहरी बल सुरक्षा वेस क्याम्प मिर्चैयाबाट खटिएको टोलिले आइतबार जिल्लाको मिर्चैया न.पा ०६ मटियर्वाबाट पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल, नं ७ गण हे.क्वा.सिराहाका प्रवक्ता निलकमल आचार्यले मध्यान्हलाई जानकारी दिए । अवैध रुपमा स.१ त ३६०७ नं. को ट्याक्टरमा लोड गरि लैजाँदै गरेको आँपको गोलिया ३ ओटा र विभिन्न जातको दाउरासहित अध्यक्ष आचार्यलाई पक्राउ गरिएको प्रवक्ता आचार्यले बताए । पोखरेललाई आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय लहानमा बुझाइएको छ ।

# शैल्यशिखरको मेयरमा कांग्रेस र एमालेबाट धामीद्वय भिड्दै

**दिपक साउँद/मध्यान्ह**
दार्चुला, २८ चैत

दार्चुलाको शैल्यशिखर नगरपालिकाको मेयरमा कांग्रेसले अमर सिंह धामीलाई उठाउने भएको छ । कांग्रेसको तर्फबाट शैल्यशिखर नगरपालिकामा मेयरको जिम्मेवारीमा रहेका धामीलाई पुनः मेयर पदका लागि सर्वसहमतिमै चयन गरिएको हो । आसन्न स्थानीय तहको निर्वाचन नजिकिँदै जाँदा शैल्यशिखरका विभिन्न वडाहरुमा कांग्रेसले सर्वसम्मत रुपमा वडा अध्यक्षका उम्मेद्वार टुंग्याएको छ ।

यता शैल्यशिखर नगरपालिकामा नेकपा एमालेले भने विजयसिंह धामीलाई उम्मेद्वार बनाउने भएको छ । नेकपा एमाले जिल्ला कमिटी सदस्य धामीलाई नगरप्रमुख पदमा उम्मेद्वार बनाउने सहमति जुटेको एमाले जिल्ला कमिटी पूर्वअध्यक्ष रामदत्त जोशीले मध्यान्हलाई जानकारी दिए ।

दुबै पार्टीबाट उम्मेद्वार सिफारिस भएका धामीद्वय शैल्यशिखर नगरपालिका वडा नम्बर ६ का स्थानीय हुन् । सत्तारुढ दलबीच गठबन्धन भएपनि कांग्रेसले नै उक्त पालिका पाउने सम्भावना बढी छ । त्यसैले मुख्य प्रतिस्पर्धामा धामीद्वय नै उम्मेदवारमै हुने निश्चित छ । एउटै भूगोलका उम्मेद्वार भएकोले पनि रोचक प्रतिस्पर्धा हुने आंकलन गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/१२/२९

**हिमालयन गाईडिङ्ग इन्स्टिच्युट प्रा.लि.** को मिति २०७८/०८/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एच.जी.आई. नेपाल ट्रेकिङ्ग (प्रा. लि. नं.: १८६२७)**, कायम गर्ने गरी मिति २०७८/०९/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/१२/२९

**प्यागोडाज होम प्रा.लि.** को मिति २०७८/११/०८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेचर हब्स विजनेस स्कुल प्रा.लि. (प्रा. लि. नं.: १३७३६६)**, कायम गर्ने गरी मिति २०७८/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७८/१२/२९**

यस कार्यालयमा मिति २०७५/१०/०७ मा दर्ता भएको प्रा.लि. नं. २०६९७९ को **रेडी टु विल्ड प्रा.लि** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ ।

**हयासट्याग क्लाउड प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०९/१० मा दर्ता भएको **हयासट्याग क्लाउड प्रा.लि.(दर्ता नं. २३१२३२)** को मिति २०७८/११/२९ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**

**Provincial Government**

**Ministry Of Road Infrastructure and Urban Development**

## Urban Development and Building Office

**Morang, Biratnagar**

**Province 1, Nepal**

**Letter Of Intent**

**Date of publication : 2078/12/29 ( 12th April, 2022)**

This is the notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in public procurement Act 2063, clause 27,sub-clause (2) and (3) clause 47.

| S.N. | Contract ID. | Description of works | Name and Address Of bidder | Bid Amount (Includding PS without Vat) |
|---|---|---|---|---|
| 1. | UDBO/ Morang/NCB/ Works/13-2078/79 | Construction of Naya Basti Tol Samudayik Bhawan . Gaighat, Udayapur | NAARAYAN NIRMAN SEWA., SAPTARI, NEPAL | 25,21,647.45 (Twenty Five Lakh Twenty One Thousand Six Hundred Fourty Seven Paise And Fourty Five Only) |

**Office Chief**

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ABDULELAH BIN ISA BIN HAMAD AL-OWAIDAN GENERAL CONTRACTING EST — शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/०७ चलानी नं.: ६०१६६००५ LT. No.: 248267 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 75 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : BLACK EAGLE SECURITY SERVICES L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६६२२३ LT. No.: 249252 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३९,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : QIMAH BAYDA EST — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०९/१३ चलानी नं.: ६०१७१५५९ LT. No.: 254822 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 3 | 0 | स. काममा दक्ष | 2000 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ६ गते (19 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | UAE को रु. १०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Address: Sinamangal, Kathmandu, Nepal
Contact No.: 9801399971, 9801399972, 9801399973, 9801399974

## कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : INNOVATIONS MANPOWER SERVICES — शहर: Doha
पूर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७५६ LT. No.: 261364

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Catering | 20 | 0 | स. काममा दक्ष | 1500 | ४९,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : FUTURE BORDER FOR CONTRACTING — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७४९२ LT. No.: 260848

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanical Piping Technician | 2 | 0 | स. काममा दक्ष | 1500 | ४८,४५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welder Technician | 1 | 0 | | 1500 | ४८,४५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ६ गते (19 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Address: Sinamangal, Kathmandu, Nepal | Contact No.: 01- 4986339

## साउदीमा रोजगार

१. कम्पनी: HUSSAIN MANSOUR AL SHEIKH & PARTNER CONTRACTING COMPANY — शहर : DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७८७ L.T. No.: 261356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: AHMED QAID AL-AMER TRADING EST — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७८८ L.T. No.: 261358

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Tyre Repairer | 2 | 0 | स. काममा दक्ष | 1300 | ४१,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: AMAL HAMID MATAR AL SHAMMARI FACTORY FOR INDUSTRY — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७८९ L.T. No.: 261355

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Tyre Repairer | 2 | 0 | स. काममा दक्ष | 1300 | ४१,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: LOCATE YOUR CARWASH — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७८/१२/२८ चलानी नं.: ६०१७७७८६ L.T. No.: 261357

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ६ गते (19 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क. १ र ३ को निःशुल्क क.२ र ४ को १०,०००।- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२९ चैत २०७८, मंगलबार
12 April 2022, Tuesday

सम्पादकीय

# पैसा हुनेको शासन !

निर्वाचन आयोगले नेपाली कांग्रेसका नेता डा.शशांक कोइरालासँग प्रष्टिकरण सोधेको छ । डा.कोइरालाले केही दिन अगाडि राजधानीमा आयोजित एक कार्यक्रममा निर्वाचनमा अथाह पैसा खर्च हुने गरेको अभिव्यक्ति दिएका थिए । कोइरालाले २०७४ को निर्वाचनमा ६ करोड खर्च गरेको बताएका थिए । २०७० को निर्वाचनमा तीन करोड खर्च भएको र त्यसअगाडि भने पैसा धेरै खर्च नभएको बताएका थिए । डा.कोइरालाको चुनावी खर्चबारे अभिव्यक्तिले निर्वाचन आचारसंहिता उल्लङ्घन भएको भन्दै आयोगले प्रष्टिकरण सोधेको छ । डा.कोइरालाले निर्वाचन आयोगमा भने २०७४ को निर्वाचनमा २१ लाख खर्च भएको बुझाएको विवरण बुझाएका थिए । आयोगमा बुझाइएको विवरण र अभिव्यक्तिबीच तालमेल नभएपछि एक साताको समय दिएर प्रष्टिकरण सोधिएको छ ।

सम्भवतः डा.कोइरालाको जवाफसँगै आयोगको जिज्ञासा सकिनेछ । किनकि आचारसंहिता बिपरीत खर्च गरेको प्रमाणित हुने सम्भावना नै न्यून छ । आफूलाई अप्ठ्यारोमा पर्नेगरी डा.कोइरालाले प्रष्टोक्ति पक्कै दिने छैनन् । आयोगले यसबारे थप अनुसन्धानको जाँगर कति कति देखाउँलान् भन्ने प्रष्ट पार्न सकिन्न सकिन्न । तर डा.कोइरालाको अभिव्यक्तिले भने नेपाली राजनीतिक प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ । पैसा खर्च गर्न नसकिने भन्दै डा.शेखरले आफ्नो क्षेत्रमा अरू कोही चुनाव लडे छोड्ने बताएका थिए । हुनत डा. कोइरालाले ६ करोड खर्च गरेको अभिव्यक्ति सार्वजनिक खपतका निम्ति दिएका हुन् भन्नेमा दुइमत छैन । नेपाली कांग्रेसले यही अभिव्यक्तिका कारण टिकट नदिने कुरा पनि रहेन । किनकि डा. शशांक १३औं महाधिवेशनबाट पार्टी महामन्त्री नै निर्वाचित भएका व्यक्तिसँगै कांग्रेसका संस्थापक बीपी कोइराला पुत्र समेत हुन् ।

तर डा.शशांकको अभिव्यक्तिले अहिलेको राजनीतिक प्रणाली कुन दिशातर्फ उन्मुख छ भन्ने प्रष्ट हुन्छ । पैसाले चुनाव लड्न कठिन हुँदै गएको अभिव्यक्ति दिने उनी पहिलो व्यक्ति होइन । तर उनी जसरी कुल रकम किटान भने अन्य नेताहरूले गरेका थिएनन् । खर्च रकम किटान गरेर नभनेपनि उम्मेद्वारहरूले चुनावी खर्चबारे बोल्दै आएका छन् भने कतिपय अवस्थामा प्रमाणित हुने गरेको छ । पैसा दिएकै भरमा राजनीतिक पृष्ठभूमि कमजोर भएका व्यक्तिहरू सांसद र मन्त्री भएका छन् । जबकी लोकतन्त्र भनेको जनताले जनताका लागि जनताद्वारा गरिने शासन प्रणाली हो । तर अहिले पैसा हुनेले नहुनेका निम्ति गरिने शासनका रूपमा विकसित हुँदै गएको छ । यस्तो प्रवृत्ति नरोक्ने हो भने लोकतन्त्रप्रतिको विश्वास थप कमजोर भएर जानेछ ।

# कृषि क्षेत्रप्रति उपेक्षा किन ?

*सामन्तवाद र साम्राज्यवादबाट मुक्त नभइ सही अर्थमा कृषि र किसानको चौतर्फी समुन्नति हुन सक्ने वातावरण नबन्ने मात्रै होइन, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू पनि सही अर्थमा समाधान भएर जान सक्दैनन् ।*

अग्रलेख



● लोकनारायण सुवेदी

कृषि कर्म विश्वका जहाँ पनि जीवनको विकल्परहीत आधारभूत कर्म हो । जीवन धान्न र चलायमान गराउनका लागि अक्सिजन र पानी पछि खाद्य पदार्थ नै पर्दछ । त्यो कृषि बाहेक अन्य कतैबाट प्राप्त हुँदैन । कृषिले दिने ऊर्जाले नै मानिस जीवित छ र उसको जीवन चलेको छ र गुजारा भएको छ । तर, यसलाई हामीकहाँ सामान्य, गाउँले गवार किसानहरूको उपेक्षित र तिरष्कृत कर्म जस्तै मात्र मानिएको छ र व्यवहार गरिएको छ । फलतः यसले पाउनु पर्ने, प्राथमिक स्थान, सम्मान र शतत् सहयोग पाउनबाट यो कर्म प्रायः बञ्चित जस्तै छ । कतै पाएको छ भने पनि त्यो पनि व्यापारिक र नाफाको एउटा बजारमुखी दृष्टिकोणले मात्र पाएको छ । स्वयम् कृषि र किसानको समग्र हित हुने गरेर कतै पाएको छैन ।

यस सम्बन्धमा शब्दावली पदावलीहरू जेसुकै प्रयोग गरिएका किन नहुन् ती किसानबाट अलग्गिएका बजारसँग जोडिएका र मुनाफाका साधन बन्ने गरी बनाएका जस्ता लाग्दछन् । प्रकृति पछिको यो मानव निर्मित अर्थात् श्रमजीवी किसानहरूले निर्माण गरेको यो दोश्रो प्रकृति – खाद्यान्न, पक्वान्न, मिष्टान्न अन्न, सागपात, फलफूल, दूध, माछा, मासु जुनरूपमा भए पनि ती प्राचीन, आधुनिक या अत्याधुनिक कल कारखानाका उपज बिल्कुलै होइनन् । तिनलाई दोस्रो प्रकृति प्रकृतिका अधिशासित नियमहरूको नियमित अनुपालन गरेर गरिने प्रकृतिसँग जोडिएको जीवनतः कर्म हो, मान्नु पर्दछ । जीवनको जीवन्त आधार यो कृषिको अभावमा अरू जतिसुकै अत्याधुनिक धेरै नाफा कमाउने विशालकाया उद्योगधन्धाहरू नै किन नहुन् तिनको कतै केही चल्दैन, हलचल बन्द हुन्छ । ती मृत प्राय बन्छन् र सकिन्छन् । त्यसैले कृषिलाई जीवनदायिनी कर्म र किसानलाई जीवनदायिनी शक्ति भनिएको र मानिएको हो । तर, किसानले आफुलाई त्यस्तो शक्ति मान्दैन, मान्न दिइएको छैन । उसले आफुलाई काम नलाग्ने धन्धा गर्न अभिशप्त गवार, गाउँले, अशिक्षित रातो दिन झरी वादल, घाम खडेरी, हावा हुरीसँग खेल्ने एउटा कमजोर र छरपस्ट जमात मान्दछ । त्यस्तै मान्ने बनाइएको छ ।

उसले आजका सबै 'सभ्य' मानिने र ठानिने शहरबासी, नगरबासीहरूलाई कृषि उपजहरूको आपूर्ति गर्दछ । त्यो अकिञ्चन जमातले आफ्नो कर्म गर्न छोड्यो भने कथित सभ्यहरूको अस्तित्व नरहने कुरा उनीहरूले सोचेकै छैनन्, सोचेकै हुँदैनन् । तिनमा रहेको निष्कपट उच्च मानवीयताले उनीहरूलाई त्यस्तो सोच्ने कुनै कुसंस्कार दिएकै छैन । बरू त्यसको विपरीत ती प्रकृतिसँग खेल्ने, त्यसैमा रमाउने र अधिकांशतः अवोध प्राणीहरू नित्य निरन्तर कृषि कर्ममा लागेका हुन्छन् । प्रकृति अनुकूल भइदियो भने खुशी हुन्छन् । प्रतिकूल भइदियो भने पनि त्यसको सामना गर्न उनीहरू बाध्यछन् । रून्छन्, कराउँदछन्, छाती पिट्छन् र फेरि सम्हालिँदैन प्रकृतिकै काखमा हिलो, धूलोसँग खेल्छन् । यो साल बिग्रियो, अर्को साल कसो नबन्ला भनेर आशावादको स्वप्नमय संसारमा डुब्छन् । यो तिनको नित्य कर्म हो रहँदै आएको छ । हाम्रो समाज पनि एक जमानामा उत्तम खेती, मध्यम व्यापार, नीच नोकरी मान्ने प्रचलन थियो । त्यसैले समाजले त्यतिबेला कृषिलाई सर्वोपरी स्थानमा राखेको कुरा यसबाट प्रष्ट हुन्छ । तर, आज त्यसको ठिक विपरीत कृषि कर्म सबैभन्दा नीच, व्यापार मध्यम नै र नोकरी सर्वोत्तम बन्न पुगेको छ । कृषि जस्तो आधारभूत कर्मलाई आधारभूत स्थान दिइएको त्यो जमानाको सही कुरालाई आज पनि पुनर्स्थापना गरेर कृषि कर्म र



> कृषिलाई दीगो र उत्पादनशील तुल्याइराख्न, किसानलाई लाभकारी मूल्य प्राप्त हुने किसिमको सुनिश्चित बजार व्यवस्थापन गर्न, क्षतिपूर्तिको व्यवस्थाका साथ उन्नत र गुणस्तरीय मल, बिऊ, निरन्तर दीगो सिचाईं प्रबिधिको उपाय, रोग किरा लाग्न नदिने र लागि हालेमा नियन्त्रण गर्ने जैविक प्रबिधिको उन्नत उपाय अबलम्बन गरिनु अत्यावश्यक छ । जल र ऊर्जा शक्ति किसानको प्राथमिकतामा पर्नु पर्दछ ।

किसानलाई चौतर्फीरूपमा निरन्तर सहयोग गरेर उन्नत तुल्याउन सकिएन भने मानव अस्तित्व नै ठूलो संकटमा पर्ने कुरा दिन प्रतिदिन सन्निकट हुँदै गइरहेको छ । आजको विश्वको बढ्दो जनसंख्या र जमिनको धान्न सक्ने क्षमता (क्यारिङ्ग क्यापासिटी) र कृषिले दिने समग्र उत्पादन अपुग हुने स्थितिको आकंलन गरेर नै संयुक्त राष्ट्र संघले पनि अरू धेरै खान हुने स्रोतहरू (एडिबल्स) अहिले अस्तित्वमा भइरहेका बाहेक अरू थप झारपात, बोट विरूवा, पशुपंक्षीसमेतलाई खाद्य वस्तुमा जोड्न बाध्य बनेको देखिँदैछ । यसले पनि कृषिको विश्वव्यापी महत्व, आवश्यकता तथा बढ्दो औचित्य र ज्वलन्तरूपमा चालिनुपर्ने थप कदमलाई दर्शाउँदछ ।

